का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ साउन २०८२,
मंगलबार
22 July, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक १७० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


## कांग्रेसका ७ पूर्वपदाधिकारीको निष्कर्ष

# ओझेलमा संविधान संशोधन



“कांग्रेस-एमाले सरकार गठन गर्दा संविधान संशोधनको एजेण्डा महत्वका साथ उठाएपनि सरकारले सामान्य बहससमेत प्रारम्भ गरेको छैन, यसलाई पार्टी सभापतिमार्फत ध्यानाकर्षण गराउन नेताहरूबीच संवाद भएको छ

■ **विमलेन्द्र निधी**
**नेता, नेपाली कांग्रेस**



*सोमबार नेता प्रकाशमान सिंहको निवास च्याक्सीबारीमा छलफलमा जुटेका नेपाली कांग्रेसका ७ पूर्वपदाधिकारीहरु ।*

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

नेपाली कांग्रेसका पूर्वपदाधिकारीहरूले वर्तमान सरकारले संविधान संशोधनका एजेण्डालाई छायामा पारेको निष्कर्ष निकालेका छन् । पूर्वउपसभापति एवं उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहको निवास चाक्सीबारीमा बसेको ७ जना नेताहरूको बैठकले सरकारबाट संविधान संशोधन प्रक्रियाका कुनै कामको थालनी नहुनु गठबन्धनको सम्झौता विपरीत भएको निष्कर्ष निकालेको हो ।

छलफलमा पूर्वउपसभापतिहरू प्रकाशमान सिंह, विमलेन्द्र निधी, गोपालमान श्रेष्ठ, विजयकुमार गच्छेदार, पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, डा. शशांक कोइराला र पूर्वसहमहामन्त्रीसमेत रहेका पार्टी प्रवक्ता डा. प्रकाशशरण महत रहेका थिए । उनीहरूबीच पछिल्लो राजनीतिक अवस्था, १ वर्षअघि सत्ता गठबन्धन दलबीच भएका सहमतिका ७ बुँदा र पार्टीको १५औं महाधिवेशनको सन्दर्भमा छलफल भएको नेताहरूले बताएका छन् ।

कांग्रेस-एमाले गठबन्धन सरकारको सहमतिअनुसार संविधान संशोधनको विषय ओझेलमा परेको सन्दर्भले बढी चर्चा पाएको बैठकमा सहभागी नेता निधीले बताए । त्यस्तै पार्टीको १५औं महाधिवेशनमा पार्टी संस्थापन पक्षबाट बन्ने सम्भावित उम्मेदवारका बारेमा समेत सभापति देउवालाई ध्यानाकर्षण गराउने छलफल भएको उनले बताए । 'हामीबीच २ वटा विषयमा छलफल भएका छन्', निधीले मध्यान्हसँग भने, 'एउटा »» पृष्ठ २ मा

गर्मीयाममा लाग्नसक्ने
रोगबाट बचौं र बचाऔं ।

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौ,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौ.
- सडेगलेको र वासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौ.
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एमालेमा उठ्यो उमेरहद हटाएकोमा प्रश्न

# विद्याको वकालत नगर्न ओलीको चेतावनी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफ्ने बुझाइमा दृढ नेता हुन् । अर्को पक्षलाई अस्वीकार गर्ने उनको प्रवृत्ति पार्टीको केन्द्रीय कमिटीमा पनि देखा परेको छ ।

सोमबारबाट पार्टीको मुख्यालय च्यासलमा सुरु भएको केन्द्रीय कमिटीको बैठकमा सुरुवातमा बोल्दै उनले एमालेको सक्रिय राजनीतिमा फर्किएकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पक्षमा वकालत नगर्न चेतावनी नै दिए ।

१४ असारमा पार्टीको राजनीतिमा सक्रिय भएको घोषणा गरेकी नेता भण्डारीको सदस्यतामै विवाद भएको विषयमा भण्डारी पक्षका नेताहरूलाई लक्षित गर्दै ओलीले यस्तो चेतावनी दिएका हुन् ।

उनले सोमबार पार्टी कार्यालय च्यासलमा बसेको केन्द्रीय कमिटी बैठकमा आइतबार भण्डारीसँगको भेटवार्ताका विषयमा जानकारी दिँदै उनको प्रवक्ता नबन्न नेताहरूलाई सचेत गराए । भण्डारीका पक्षमा प्रवक्ता जस्तो गरी अभिव्यक्ति दिने नेताहरूलाई कारबाही गर्नेसम्मको चेतावनी दिएका छन् ।

पार्टीको राजनीतिमा सक्रिय भएको घोषणा गरेकी नेता भण्डारीको सदस्यतामै विवाद भएको छ । उनको पार्टी सदस्यता पुरानो कि नयाँ भन्ने विषयमा पार्टीभित्र २ ध्रुव देखिएको छ । त्यस्तै पार्टी नेतृत्वका लागि ७० वर्षे उमेर हद र »» पृष्ठ २ मा

# भूमि विधेयकमा फेरि सत्ताको बार्गेनिङ

जसपा नेपालले भूमिसम्बन्धी विधेयकमा असन्तुष्टि जनाएर सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको छ । मधेश केन्द्रित अन्य दलहरू पनि यो विधेयकको विरोधमा छन् । यही बेला प्रमुख दुई सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरु छलफलमा जुटेका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ साउन ।

भूमिसम्बन्धी विधेयकलाई लिएर प्रमुख दुई सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमाले आमनेसामने भएका छन् । सरकारको नेतृत्वकर्ता दल एमाले प्रतिनिधि सभामा विचाराधीन भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक फास्ट ट्र्याकमा अगाडि बढाउन खोजिरहेको छ । तर कांग्रेसले मानिरहेको छैन ।

सोमबार कांग्रेस र एमालेका नेताहरू भूमि विधेयककै विषयमा छलफलमा जुटेका थिए । कांग्रेस संसदीय दलको कार्यालय सिंहदरबारमा भएको छलफलमा कांग्रेसका तर्फबाट गृहमन्त्री रमेश लेखक, कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडू थिए । एमालेका तर्फबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी र मुख्य सचेतक महेश बर्तौला थिए ।

छलफलमा एमालेका मुख्य सचेतक बर्तौला र भूमिमन्त्री अधिकारीले विधेयकमा परेका संशोधनमा छलफल गरेर अगाडि बढाउन तयार रहेको बताए । तर कांग्रेसका तर्फबाट छलफलमा सहभागी नेताहरूले थप छलफल आवश्यक रहेको भनेर समय मागे ।

छलफलपछि कांग्रेसका नेताहरूले भूमि विधेयक अगाडि बढाउन हतार गर्ने पक्षमा आफूहरू नरहेको बताए । कांग्रेस सांसद बडू एमालेसँगको विश्वासमा कमी आएको बताउँछन् । यसकारण पनि भूमि विधेयकमा थप अध्ययनका लागि भनेर समय मागिएको



“घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीलाई सूचित आदेशले तोकेको हदभित्रको जग्गामा घडेरी वा अपार्टमेन्ट बनाएर बिक्री गर्न दिन खोजिएको छ ।

● **बलराम अधिकारी**
**मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण**

हो । अन्यथा, एमालेले मंगलबार बस्ने प्रतिनिधि सभाकै बैठकमा विधेयक अगाडि बढाउने प्रस्ताव गरेको छ ।

संवैधानिक परिषद् विधेयक, संघीय निजामती सेवा विधेयकमा एमालेले खेलेको भूमिकाका कारण भूमि विधेयकमा एमालेसँग सशंकित हुनुपरेको बडूको प्रतिक्रिया छ ।

प्रतिनिधि सभामा कुलिङ पिरियड राख्ने गरी सहमति भएको, तर पारित गर्दा गडबडी भएको उल्लेख गर्दै उनले भनेका छन्, 'राष्ट्रिय सभामा एमालेले सत्तारुढ दलसँग छलफल नगरी कुलिङ पिरियड हटाउने भनेर संशोधन राखेको छ ।'

भूमि विधेयकमा पनि कतै एमालेले आफूहरूलाई छक्याउन खोजेको हो कि भन्ने शंका कांग्रेसका नेताहरूलाई छ । दुई दलबीच रहेको अविश्वासका कारण भूमि विधेयक »» पृष्ठ २ मा

## हामी सर्‍यौं

मध्यान्ह राष्ट्रिय दैनिकका कार्यालय कमलपोखरीबाट नक्साल, भगवती बहाल मन्दिरको ठिक अगाडिको रातो घरमा सरेको सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।




मध्यान्ह
www.madhyanhadaily.com Madhyanha TV Madhyanha News
इमेल: ad.madhyanhadaily@gmail.com फोन: ९८४१२०६४११, ९८४१३५७५११

## वैदेशिक रोजगार विशेष

# जापानी भाषा परीक्षाविरुद्धको रिटलाई सर्वोच्चको अग्राधिकार

## शुल्क उठाउन अनुमति दिने बोर्ड विपक्षी कायम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन ।

सर्वोच्च अदालतले वैदेशिक रोजगार बोर्डसमेतलाई विपक्षी कायम गर्दै जाइका अल्मुनाई एसोसिएसन अफ नेपाल 'जान'समेत विरुद्धको रिटलाई अग्राधिकार प्रदान गरेको छ ।

असार २९ गते न्यायाधीशद्वय हरिप्रसाद फुयाल र न्यायाधीश नित्यानन्द पाण्डेयको संयुक्त इजलासले भाषा परीक्षा रोक्न तत्काल अन्तरकालीन आदेश जारी नगरे पनि रिट निवेदकहरूले उठाएको विषयबाट प्रभावितहरूको संख्या ठूलो रहेको भन्दै उक्त आदेश जारी गरेको छ ।

आदेशको पूर्णपाठमा सर्वोच्च अदालत नियमावली-२०७४ को नियम ७३ मा अग्राधिकार दिइ मुद्दा पेस गर्न आदेश दिन सक्ने व्यवस्था छ । 'कुनै मुद्दा सार्वजनिक महत्वको भएको वा विषयवस्तुको प्रकृतिबाट चाँडो निर्णय हुन आवश्यक छ भन्ने लागेमा सम्बन्धित इजलास वा पेसी व्यवस्थापन निर्देशन समितिले त्यस्तो मुद्दामा अग्राधिकार दिइ पेस गर्न आदेश दिन सक्ने व्यवस्था दफा १ र दफा २ सार्वजनिक हक वा सरोकारको मुद्दामा लिखित जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि विवादको गम्भीरता र सोबाट सर्वसाधारणलाई परेको वा पर्न सक्ने तत्कालीन असरलाई विचार गर्दा सो विवाद शीघ्र निरुपण हुनुपर्ने देखिएमा इजलासले त्यस्तो मुद्दालाई अग्राधिकार दिइ लगातार सुनुवाइ गर्न सक्नेछ' भन्ने व्यवस्था छ ।

आदेशमा भनिएको छ, '२०६६ सालदेखि जाइका अल्मुनाई एसोसिएसन अफ नेपालले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सूचना र निर्देशिकाबमोजिम जापानी भाषाको परीक्षा लिएबापत शुल्क लिएको भन्ने देखिएकोमा तत्काल अन्तरिम आदेश जारी गर्दा भाषा परीक्षा प्रणालीमा पर्न सक्ने असुविधासमेतलाई मध्यनजर गर्दा हाल निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन, यद्यपि प्रस्तुत विषय जापानिज भाषाको परीक्षा प्रक्रियाको आधिकारिकता, परीक्षा शुल्क तथा यस प्रकारको भाषा परीक्षाको आवश्यकता तथा त्यस्तो भाषा परीक्षा लिन पाउने निकायसँग सम्बन्धित भएको, परीक्षा शुल्कको कानुनी आधारका सम्बन्धमा समेत यथाशक्य निर्णय गर्नुपर्ने देखिएको तथा प्रस्तुत निवेदनमा हुने आदेशको प्रभाव समूहलाई मध्यनजर गर्दा यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिइ पेश गर्नू ।' सर्वोच्च अदालतले रिटमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड »» पृष्ठ २ मा

## लोकसेवा पास गरेर सिधै एयरपोर्टमा

**काठमाडौं/रासस–** अध्यागमन सुधारका क्रममा गृह मन्त्रालयले हालै लोकसेवा आयोग पास गरी आएका ४५ जना शाखा अधिकृतलाई सोमबारदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा खटाएको छ ।

अध्यागमन विभागका महानिर्देशक गोविन्द रिजालले सोमबारदेखि अध्यागमन कार्यालयका प्रमुख सहसचिव नरहरि घिमिरे र ४५ जना नयाँ शाखा अधिकृत विमानस्थलमा खटिएको जानकारी दिए ।

'लोकसेवाबाट आएका अधिकृतहरूलाई विभागले तीनदिने तालिमपश्चात विमानस्थल अध्यागमनमा खटाएको छ,' उनले भने, 'अध्यागमन कार्यालयमा प्रमुखका रूपमा आउनुभएका सहसचिव घिमिरेले आजदेखि हाजिर भइसक्नुभएको छ ।' विमानस्थलस्थित अध्यागमनको प्रमुखका »» पृष्ठ २ मा

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरुको आवश्यकता भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो शैक्षिक योग्यता, बायोडाटा र अनुभवका प्रमाण-पत्र सहित सम्पर्क राख्नुहोला ।

WE'RE HIRING

पब्लिक रिलेसन अफिसर (PRO) | २ (पुरुष)
योग्यता : UAE को Document कलेक्सन गर्नसक्ने । मेनपावर सम्बन्धित २ वर्ष कामको अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।

रिसेप्सनिष्ट (Receptionist) | १ (महिला)
योग्यता : +2 Pass भई कम्प्युटरमा राम्रो ज्ञान हुनुपर्नेछ ।

तलब आपसी सहमतीमा तय गरिनेछ ।

Relation Employment Service Pvt. Ltd. Lic. No. 906/067/068
Basundhara, Kathmandu, 9801116435
Send your CV at : bishal@res.com.np

स्वास्थ्यमन्त्री पौडेलको एक वर्ष

# नागरिक आरोग्य कार्यक्रमदेखि दर्जनौं कार्यक्रमलाई कानुनी वैधता

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले 'निरोगी नेपाल'अभियान अन्तर्गत आयुर्वेद र प्राकृतिक चिकित्सामा आधारित नागरिक आरोग्य कार्यक्रमलाई सबै स्थानीय तहसम्म विस्तार गरिएको बताएका छन् ।

स्वास्थ्य मन्त्री बनेको वर्ष दिन पुगेको अवसरमा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनका क्रममा उनले यस्तो बताएका हुन् ।

उनले योग, ध्यान, स्वस्थ जीवनशैली प्रवर्द्धनजस्ता कार्यक्रमहरूलाई स्थानीय सरकारसँगको समन्वयमा एकीकृतरूपमा सञ्चालन गरी शारीरिक तन्दुरुस्ती, सकारात्मक सोच र व्यक्तित्व विकासमा जोड दिइएको बताए । यसले नसर्ने रोगहरूको रोकथाममा महत्वपूर्ण योगदान पुर्‍याउँदै नागरिकलाई स्वस्थ र सन्तुलित जीवन जिउन प्रेरित गर्ने उनको विश्वास छ। आयुर्वेद, योग तथा परम्परागत चिकित्सा पद्धतिको संरक्षण र विकास गर्ने नीति अनुरूप बुढानिलकण्ठमा 'राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्र' स्थापना गरी मिति २०८१ चैत्र २२ देखि सेवा प्रारम्भ गरिएको उनले बताए ।

यस केन्द्रले नागरिकलाई आयुर्वेद र योगमा आधारित विशिष्टीकृत पञ्चकर्म सेवा प्रदान गर्नेछ र यस क्षेत्रको अध्ययन–अनुसन्धानका लागि समेत महत्वपूर्ण केन्द्रको रूपमा विकास गर्ने उनले बताए । जलनको उपचारलाई निःशुल्क गर्न 'जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१', क्यान्सर सेवा प्रदेशमा पुर्‍याउन 'अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि, २०८१', र डिजिटल स्वास्थ्यको जग बसाल्न 'विद्युतीय चिकित्सा अभिलेख र दूर चिकित्सा सेवा एकीकृत कार्यविधि, २०८१' जस्ता रूपान्तरणकारी दस्तावेजहरू जारी गरिएको मन्त्री पौडेलको भनाइ छ ।



उनले भने, 'मन्त्रालयले आफ्ना नीति तथा कार्यक्रमहरूलाई कानुनी आधार प्रदान गरी व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्न दर्जनौं महत्वपूर्ण दस्तावेजहरू जारी गरेको छ । जलनको उपचारलाई निःशुल्क गर्न 'जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१', क्यान्सर सेवा प्रदेशमा पुर्‍याउन 'अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि, २०८१', र डिजिटल स्वास्थ्यको जग बसाल्न 'विद्युतीय चिकित्सा अभिलेख र दूर चिकित्सा सेवा एकीकृत कार्यविधि, २०८१' जस्ता रूपान्तरणकारी दस्तावेजहरू जारी भएका छन् ।'

त्यसैगरी, एचपिभी खोप, विद्यालय स्वास्थ्य, नसर्ने रोग पहिचान, बिरामी प्रेषण, सुर्तीजन्य पदार्थमा चेतावनीमूलक चित्र छाप्ने, आपतकालीन चिकित्सकीय समूह परिचालन जस्ता दर्जनौं कार्यक्रमलाई निर्देशिकामार्फत कानुनी वैधता दिइएको छ, जसले सेवा प्रवाहमा एकरूपता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै हरेक निर्णयलाई कार्यान्वयनयोग्य बनाउने छ। जनसंख्या व्यवस्थापन र जनसांख्यिक लाभ लिने विषयमा जनसांख्यिकीय अवसरको सदुपयोग गर्न र बढ्दो आन्तरिक तथा बाह्य बसाइँसराइले थपेका चुनौती सम्बोधन गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले असार २३ गते 'राष्ट्रिय जनसंख्या नीति, २०८२' स्वीकृत गरेको छ ।

यो नीतिले जनसंख्या र विकासबीच तादात्म्यता कायम गरी दिगो विकास हासिल गर्ने, मानव पूँजीको उपयोग बढाउने र ज्येष्ठ नागरिकको ज्ञान, सीपलाई अन्तरपुस्ता सञ्चार गर्ने लक्ष्य लिएको छ। 'विकास उकालो चढ्ने, मान्छे ओरालो झर्ने' अवस्थालाई बदल्न यो नीतिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

'निरोगी नेपाल' अभियान अन्तर्गत आयुर्वेद र प्राकृतिक चिकित्सामा आधारित नागरिक आरोग्य कार्यक्रमलाई सबै स्थानीय तहसम्म विस्तार गरिएको छ । यस कार्यक्रममार्फत योग, ध्यान, स्वस्थ जीवनशैली प्रवर्द्धनजस्ता कार्यक्रमहरूलाई स्थानीय सरकारसँगको समन्वयमा एकीकृत रूपमा सञ्चालन गरी शारीरिक तन्दुरुस्ती, सकारात्मक सोच र व्यक्तित्व विकासमा जोड दिइएको छ । यसले नसर्ने रोगहरूको रोकथाममा महत्वपूर्ण योगदान पुर्‍याउँदै नागरिकलाई स्वस्थ र सन्तुलित जीवन जिउन प्रेरित गर्नेछ ।

आयुर्वेद, योग तथा परम्परागत चिकित्सा पद्धतिको संरक्षण र विकास गर्ने नीति अनुरूप बुढानिलकण्ठमा 'राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्र' स्थापना गरी मिति २०८१ चैत्र २२ देखि सेवा प्रारम्भ गरिएको छ। यस केन्द्रले नागरिकलाई आयुर्वेद र योगमा आधारित विशिष्टीकृत पञ्चकर्म सेवा प्रदान गर्नेछ र यस क्षेत्रको अध्ययन–अनुसन्धानका लागि समेत महत्वपूर्ण केन्द्रको रूपमा विकास हुनेछ ।'

मन्त्री पौडेलले एचपिभी खोप, विद्यालय स्वास्थ्य, नसर्ने रोग पहिचान, बिरामी प्रेषण, सुर्तीजन्य पदार्थमा चेतावनीमूलक चित्र छाप्ने, आपतकालीन चिकित्सकीय समूह परिचालन जस्ता दर्जनौं कार्यक्रमलाई निर्देशिकामार्फत कानुनी वैधता दिइएको बताए ।

## समृद्धिको लक्ष्य हासिल गर्न नीतिगत सुधार आवश्यक : प्रचण्ड



**काठमाडौं/मस**– पूर्वप्रधानमन्त्री तथा नेपा कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न नीतिगत र समग्र राज्यले नै सोच्ने तरिका सुधार गर्न आवश्यक रहेको बताएका छन् ।

सोमबार नेपाल उद्योग परिसंघका नवनिर्वाचित पदाधिकारीहरूसँग निजी निवास खुमलटारमा भएको भेटमा उनले सो कुरा बताए ।

त्यस क्रममा अध्यक्ष दाहालले देशको आर्थिक विकासमा निजी क्षेत्रको योगदान महत्वपूर्ण रहेको उल्लेख गरे । उनले राज्यको 'माइन्डसेट' परिवर्तन गरी निजी क्षेत्रलाई सहज वातावरणमा काम गर्न दिने नीतिगत सुधारको आवश्यकता औँल्याएका थिए ।

'निजी क्षेत्रलाई सहजीकरण गर्ने नीति र संरचना तयार नगरी समृद्धिको लक्ष्य हासिल गर्न सकिँदैन,'अध्यक्ष दाहाल भने, 'राज्यले सहजीकरण गर्ने मनोवृत्ति विकास गर्न जरुरी छ ।' परिसंघका पदाधिकारीहरूले पनि मुलुकको आर्थिक समृद्धिका लागि निजी क्षेत्रले खेलेको भूमिका र अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुँदा भएको सहकार्य वातावरण सशक्त रहेको स्मरण गरेका थिए ।

## केन्द्रीय तरुण विभागका सदस्य सचिव श्रेष्ठ सम्मानित



**काठमाडौं/मस**–नेपाली कांग्रेस महासमिति सदस्य (नवलपरासी सुस्ता पूर्व) तथा केन्द्रीय तरुण विभाग सदस्य सचिव श्यामप्रसाद श्रेष्ठ सम्मानित भएका छन् ।

नेपाली कांग्रेस पुस्तकालय तथा पार्टी अध्ययन स्रोत केन्द्र विभागले कांग्रेस केन्द्रीय कार्यालय सानेपामा शुक्रबार आयोजना गरेको कार्यक्रममा पार्टी सभापति शेरबहादुर देउवाले श्रेष्ठलाई सम्मानपत्र प्रदान गरेका हुन् ।

पार्टी कार्यालयमा स्थापना गरिएको आधुनिक पुस्तकालय तथा स्रोत केन्द्र सञ्चालनका लागि 'नेपाली कांग्रेस पुस्तकालय व्यवस्थापन कोष'मा गरेको आर्थिक सहयोगको कदर गर्दै श्रेष्ठलाई सम्मान गरिएको विभागले जनाएको छ। सम्मान कार्यक्रममा श्रेष्ठको उज्ज्वल भविष्यको कामना गर्दै आगामी दिनमा निरन्तर साथ र सहयोग रहने विश्वास पनि व्यक्त गरिएको थियो ।

## सेयर लगानीकर्ता अग्रवाल पक्राउ



**काठमाडौं/मस**– सेयर लगानीकर्ता दिपेन्द्र अग्रवाल पक्राउ परेका छन् । ठगी गरेको अभियोगमा प्रहरीले अग्रवाललाई काठमाडौंको टोखाबाट सोमबार पक्राउ गरेको हो। धनुषाको जनकपुर उपमहानरपालिका-१ घर भई काठमाडौं बस्दै आएका दिनेशप्रसाद शाहले ६ करोड ४५ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीमा जाहेरी दिएका थिए ।

ठगी र अपराधिक विश्वासघातको आरोपमा पक्राउ गरिएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । अग्रवालले कम्पनीको सेयर खरिद गरिदिने भनेर पैसा लिने तर सेयर नदिएको उजुरी प्रहरीमा परेको थियो। यस्तै अग्रवालले सेयर लगानीकर्तालाई सामाजिक सञ्जालको प्रयोगगरी उक्स्याउने समेत गरेको आरोप छ। अग्रवालले १५ वटा कारोबार व्यवस्थापन प्रणाली (टीएमएस) खाता चलाउने खातामार्फत आफैं खरिद गर्ने र आफैंले बिक्री गरी सेयर मूल्य बढाउने काम गर्ने आरोप समेत लागेको छ । । यसमा नेपाल धितोपत्र बोर्डले समेत अध्ययन गरिरहेको छ। अग्रवाललाई काठमाडौं जिल्ला अदालतले ३ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ ।

भूमिसुधार तथा मालपोत कार्यालय
ललितपुरको म्याद सरहको ३० दिने सार्बजनिक सूचना

भूमिसुधार तथा मालपोत कार्यालय ललितपुर भू. सु फाँट बाटललितपुर जिल्ला किटिनी बस्ने श्यामबहादुर मगरका नाममा जग्गाको मोही लगतकट्टाका बिषयमा हकदाबी गर्न आउने सम्बन्धी बिशेष अदालत ऐन २०५९ को दफा १० को उपदफा ९ बमोजिम म्याद सरहको ३० दिने सार्बजनिक सूचना ।

प्रकाशित मिति : २०८२/०४/०६

उपरोक्त सम्बन्धमा तपाई मोही रहेको तपशिलमा रहेको कित्ता जग्गालगतकट्टा गरीपाउँ भनी जग्गा धनी उदय कुमार आङ्बुहाङ लिम्बुको यस कार्यालयमा निवेदन पर्न गई तपाई मोहीका नाममा उपस्थित हुन आउने १५ दिने म्याद जारी गरीएकोमा तपाईकोको घर ठेगाना फेला पर्न नसकेको भनी तामेल्दारले प्रतिबेदन सहितम्याद फिर्तागरेको हुँदा तपाई श्याम बहादुर मगरका नाममा म्याद सरहको ३० दिने सार्बजनिक सूचना प्रकाशित गरीएको छ । तपशिलका कित्ता जग्गा जग्गाधनीको माग अनुसार मोहीलगतकट्टा हुनुनपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० दिन भित्र प्रमाण सहित लिखित जवाफ लिई आफै वा कानून बमोजिमको वारेश मार्फत उपस्थित हुन आउनु होला अन्यथा म्यादभित्र उपस्थित नभई म्याद गुजारी बसेमा कानूनअनुसार भै जाने ब्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपशिल

| क्षेत्र | वडा न. | कि. न. | क्षे.फ. | मोहीको नामथर | जग्गाधनी उदयकुमार आङ्बुहाङको माग दाबी ब्यहोरा । |
|---|---|---|---|---|---|
| ल.पु. जी किटिनी | वडा नं ५/क | २२२ | ०-३-२-० | श्याम बहादुर मगर | उक्त कित्ता जग्गाको मोही साबिक देखी हाल सम्म खोज खबर गर्दा फेला नपरेको हुँदा बेपत्ते मोही लगत कट्टा गरपाउँ भनी मागदाबी रहेको । |

## जनकपुरमा युवकको प्रेमिकाद्वारा हत्या

**धनुषा/मस**–जनकपुरको एक होटलमा युवकको हत्या गरेको आरोपमा पक्राउ परेकी एक युवतीलाई जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको छ । जनकपुरधामको होटल एसपी एण्ड गेष्ट हाउसमा विमलेश यादवको हत्या अभियोगमा युवतीलाई धनुषा प्रहरीले पक्राउ गरेको हो ।

महोत्तरीको बलवा नगरपालिका-७ का २४ वर्षीया जुली झालाई प्रहरीले पक्राउ गरेर सोमबार सार्वजनिक गरेको हो । कर्तव्य ज्यान मुद्दामा उनीमाथि अनुसन्धान थालिएको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहले पत्रकार सम्मेलनमा जानकारी दिए ।

प्रहरीका अनुसार महोत्तरी गाउँपालिका-१ पर्साका २८ वर्षीय विमलेशलाई गेष्टहाउसमा छुरा प्रहार गरी एक तल्ला माथिबाट तल खसालिएको थियो । आइतबार बिहान उपचारका क्रममा विमलेशको अस्पतालमा मृत्यु भएको थियो ।

घटनाको अनुसन्धानका क्रममा विमलेशको हत्यामा झाको संलग्नता रहेको खुलेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार घटनापछि झा गेष्टहाउसबाट भागेको सिसिटिभी क्यामेरामा कैद भएको थियो। मृतक विमलेश र पक्राउ परेकी युवती झा गेष्टहाउसमा शनिबार राति ९ बजेर ५५ मिनेटमा एकसाथ गएको अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ । उनीहरूको सम्बन्ध र हत्याको कारणबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

भुल सुधार

यस प्रा.लि. को मिती २०८२/०४/०५ गते मध्यान्ह दैनिकमा प्रकाशित साउदी अरबमा रोजगारको अवसर शिर्षकको पूर्व स्वीकृती मिति २०८२।०४।०२, चलानी नं. ६०२४११६८, LT.No. 327331 को Abrasive Technology Industries Co, Saudi Arabia कम्पनीको कामदारको पद सि. नं. २ को Loading and Unloading Worker को माग संख्या ५ हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचना बाट प्रकाशित भएको व्यहोरा जानकारी गराइन्छ ।

वाईज ईण्टरनेशनल नेपाल प्रा.लि.
धापासी ७, बसुन्धारा काठमाण्डौ
फोन नं.:-४३७३३५१/४३७३७८४

UAE मा रोजगार | कम्पनी : AL ROEYA AL FAIQAH BUILDING MAINTENANCE शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/१०/२३ चलानी नं.: ६०२३२५२६ LT.No.: 318300 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steal Fixer | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन १३ गते (29 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1191/073/074
Eurosia Human Resourse Pvt. Ltd.
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel: 01- 014980243
Mobile :- 985-1354726
E-mail : ehr1191@gmail.com, eurosiahumanresource@gmail.com Web : www.eurosiahr.com.np

UAE मा रोजगार
कम्पनी : Etimad Security Services Sole Proprietorship LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०५ चलानी नं.: ६०२४१२५६ LT. No.: 327407

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 2000 | ७४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १३ गते (29 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सिल्भर कर्नर इन्टरनेशनल प्रा. लि.
ताराहल चोक, सिनामंगल–९, काठमाडौं, श्रम इजाजत नं.: १११६/०७३/०७४, फोन: ०१-४५९१४६९,४५८९९५०
Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com

यूएईमा रोजगारको अवसर
कम्पनी : DULSCO L.L.C शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/३१ चलानी नं.: ६०२३६२७४ L.T. No.: 321755 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Buss Driver (With UAE heavy B | 30 | 0 | सम्बन्धित काममा दक्ष | 2600 | ९७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Drivers (UAE Licence) | 50 | 0 | | 2600 | ९७,६८० | | | | | | | |
| 3. | Porter | 120 | 0 | | 900 | ३३,८१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १३ गते (29 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WPHRC
श्रम इजाजत नं. १५३२/०७८/०७९
KTM WHITE PEARL H.R. CONSULTANCY PVT. LTD.
MEDITERRANEAN OVERSEAS PVT. LTD.
Nikhieshwar Mahadev, Budhanilkantha-8 Kathmandu, Nepal E-mail : Whitepearlhrc@gmail.com
Tel No.01-5909824, 9823322273, Web : www.Whitepearihr.com

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय, मोरङ
कोशी प्रदेश, विराटनगर

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८२/०४/०६)

यस कार्यालयबाट मिति २०८०/०२/१४ गते आवह्वान गरिएको तपशिल बमोजिमको ठेक्कामा E-Bidding मार्फत दर्ता भएको बोलपत्रहरू खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाता प्राविधिक प्रस्तावमा उतीर्ण भएकोले सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ङ को उपनियम (५) बमोजिम तपशिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले उक्त समयमा उपस्थितीको लागि जानकारी गराइन्छ ।

| सि.नं. | ठेक्का नम्बर | प्राविधिक पस्ताव उतीर्ण हुने बोलपत्रदाताहरु | कैफियत |
|---|---|---|---|
| 1 | IDO/MOR/NCB/RW-258/081-82 Construction of Singhiya Khola Motorable Bridge Between Biratnagar and Katahari | 1.Y.S.S. Nirman Sewa, Birendranagar, Surkhet<br>2. Geetanjali-Ranakalimata JV,Duhabi, Sunsari<br>3. J.B.M-Churiya-Y.K JV, Triyuga, Udayapur<br>4. Bindhyachal Nirman Sewa,Pulchowk, Lalitpur<br>5. Hirachan Construction Company Pvt.Ltd , Putalisadak, Kathmandu<br>6. Diwa Nirman Sewa Pvt.Ltd, Satdobato, Lalitpur<br>7. Karki Bandhu Construction Pvt.Ltd, Biratnagar, Morang<br>8. K.M. Engineers Builders Pvt.Ltd, Jyatha, Kathmandu<br>9. Dev and Sayar-Bagh Bhairab-Manan JV,Sundardulari, Morang<br>10.Sugam-Nim JV, Tilottama, Rupandehi<br>11.BBCPL-BIPL-RC JV, Purchaudi, Baitadi<br>12.SDB-SSNS-IDNS JV, Kohalpur, Banke | |

मिति : २०८२/०४/१३
स्थान : पूर्वाधार विकास कार्यालय,मोरङ
समय : दिनको ठिक ११:०० बजे

मध्यान्ह
www.madhyanhadaily.com

६ साउन २०८२ मंगलबार
22 July 2025, Tuesday

## सम्पादकीय

# एमालेले सन्देश देओस्

सोमबार (साउन ५ गते)देखि सुरू सत्तारूढ नेकपा (एमाले) को केन्द्रीय समितिको नवौँ बैठकमा सचिवालय र पोलिटब्युरो हुँदै आएका प्रस्तावमाथि गम्भीर छलफल भएको छ । बैठकमा विशेषगरी प्रस्तावित विधान संशोधनप्रति छलफल केन्द्रित देखिन्छ । सोमबार बसेको पहिलो दिनको बैठकमा कार्यकाल र उमेर हदबारे प्रस्तावित व्यवस्थामाथि धेरैले धारणा राखेका छन् । जसमा केहीले समर्थन जनाएका छन् भने केहीले विमति जनाएका छन् ।

सँगै, बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सक्रिय राजनीतिमा फर्किने गरी गरेको निर्णयमाथि पनि गहिरो गरी छलफल भएको छ । यद्यपि, भण्डारीको निर्णयबारे पनि नेताहरूको मिश्रित धारणा आएको देखिन्छ ।

केन्द्रीय समितिमा छलफल भइरहेको विधान संशोधनको प्रस्तावित प्रस्तावमा कार्यकाल र उमेर हदसँगै पदाधिकारीको संरचनासहित पार्टीकै कतिपय संरचनाबारे पनि अनौठो प्रस्ताव गरिएका छन् । जहाँ पदाधिकारीको संख्या मात्रै घटाउने विषय छैन, स्थायी, पोलिटब्युरो, केन्द्रीय समितिसहितको संख्या हेरफेरको प्रस्ताव पनि गरिएको छ । पदाधिकारीमा वरिष्ठ उपाध्यक्षसहितको पद हटाउने प्रस्ताव गरिएको छ । यससँगै सचिवालयको संरचना पनि हटाउने प्रस्ताव गरिएको छ ।

सचिवालय र पोलिटब्युरोले पारित गरेको यस खालको प्रस्तावलाई केन्द्रीय समितिले पनि पारित गरेमा विधान महाधिवेशनमा लैजाने बाटो खुल्नेछ । यदि विधान महाधिवेशनले पनि अनुमोदन गरेमा एमालेभित्रको आन्तरिक राजनीतिमा ठूलो बदलाव आउनेछ । प्रस्तावित प्रस्ताव अघि बढेमा एमालेमा भनिँदै आइएको शक्ति केन्द्रीकृत गर्ने बाटो खुल्नेछ । जसले अहिलेसम्म चलिआएको सामूहिकताको अभ्यासलाई कमजोर बनाउने छ भने नेतृत्वलाई थप शक्तिशाली बनाउने देखिन्छ ।

लोकतन्त्र प्राप्तिसँगै राजनीतिक दलहरूभित्र पनि लोकतान्त्रिक खुला अभ्यासको माग हुने गरेको छ । तर, राजनीतिक दलहरूभित्रको परिपाटी लोकतन्त्रको मूलभूत मान्यतालाई आत्मसाथ गर्ने खालको नभएको भन्ने गुनासो आमरूपमा देखिन्छ । वामपन्थी भए पनि एमालेलाई केही हदसम्मको लोकतान्त्रिक अभ्यास विगतमा हुने गरेको थियो । यद्यपि, क्रमशः पछिल्ला परिपाटीले एमालेभित्र लोकतान्त्रिक अभ्यास कमजोर हुँदै गरेको देखाउँछ । यतिबेला केन्द्रीय समिति बैठकमा सचिवालय र पोलिटब्युरो हुँदै आएका प्रस्तावलाई हेर्दा, एमालेमा थप लोकतान्त्रिक अभ्यासलाई सिध्याउने प्रकृतिको प्रयास भएको देखिन्छ ।

एमालेको केन्द्रीय समिति बैठकले विधान संशोधनसँगै उठेका सन्देह मात्रै चिर्नु छैन, व्यवस्थामाथि नै प्रश्न उठ्ने गरी पूर्वराष्ट्रपति भण्डारीबाट सक्रिय राजनीतिमा फर्किने भन्ने गरी गरिएको निर्णयलाई पनि सच्याउन आवश्यक छ । यो कदम एमालेको आन्तरिक राजनीतिका लागि मात्रै महत्वपूर्ण छैन, समग्र राजनीति अभ्यासका लागि पनि महत्वपूर्ण हुने देखिन्छ । सत्तारूढ एमालेको केन्द्रीय समिति बैठकले फगत पार्टीको आन्तरिक राजनीतिबारे मात्रै नभई आम जनताका भावनालाई समेत सम्बोधन गर्ने गरी निर्णय लिन आवश्यक देखिन्छ । जसले समग्र लोकतन्त्रमाथि उठेका प्रश्नलाई पनि सम्बोधन गर्नु आवश्यक छ ।

# बिचौलियाको आडमा मौलाएको भ्रष्टाचार

*देशमा व्यापकरूपमा भ्रष्टाचार हुनमा राजनीतिक नेतृत्व, बिचौलिया, कर्मचारी प्रशासकमात्र दोषी नभएर मतदानको समयमा सही नेतृत्व चयन गर्न नसक्ने नागरिक पनि दोषी हुन् । र, यसमा केही दोष मिडियाको पनि छ...*

अग्रलेख



● खिमराज गिरी

भनिन्छ, भ्रष्टाचार नै देश विकासको सबैभन्दा बढी घातक विष हो र यो किन, कसरी र कसले गर्दछ भनेर किटान गर्न भने सकिँदैन । नेपालमा एकतन्त्रीय पारिवारिक विरासत बोकेका राणा शासनको पालामा कुनै अमुक परिवारले जनतालाई शासन गर्दै आइरहेका हुन्थे । जनता पढेलेखेका पनि थिएनन् । राष्ट्रियरूपमा आम्दानीको स्रोत के हो र कहाँबाट विकासको बजेट परिचालन हुन्छ भन्ने कुराको ज्ञान जनता अशिक्षित भएकै कारण थाह पाउने कुरै भएन । पछि बिस्तारै राणा शासनको अन्त्य भयो । वि.सं.२००७ देखि २०१७ सालसम्म राजनीतिक अस्थिरताको कारणले नै सुशासनको प्रत्याभूति जनताले पाउन सकेनन् । तैपनि मिडियाको क्षेत्रमा केही विकास भएको कारणले जनतामा केही चेतनाको विकास भने भएको थियो । तर, राजा, राणा, भारत तथा राजनीतिक दलको सत्ता स्वार्थको चौघेरामा नेपालको राजनीति रुमलिएको थियो । जसले गर्दा विकास के हो, राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक तथा प्रशासनिक कुराहरूमा जनतामा अझै अन्यौलता थियो । तैपनि राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे र देशमा फेरि जहानियाँ व्यवस्था सुरु भयो ।

यद्यपि, जनता क्रमशः सचेत हुँदै थिए । राजाले भने हुकुमी शासनमार्फत नै देशको विकास हुन्छ भन्ने मनसायकासाथ केही विकासका योजनाहरू तयार पारी देश विकासको खाकालाई अगाडि बढाएको पाइन्छ । तत्कालीन समयमा पृथ्वी राजमार्ग, पूर्व-पश्चिम महेन्द्र राजमार्ग, कोदारी राजमार्गलगायत देशमा धेरै उद्योगधन्दा, कलकारखानाहरू निर्माण गरी विकासको गतिलाई अगाडि बढाएको पाइन्छ । तथापि, भ्रष्टाचारको गन्ध भने नेपालमा तत्कालीन समयबाट फैलिइसकेको थियो । दरबारियालाई खुसी पार्न सके देशमा जति जे पनि लुट्न पाइन्छ भन्ने मानसिकता थियो, शासक प्रशासकको । देश विकासको नाममा धेरै व्यक्तिहरूको पारिवारिक विरासत घरानियाँको उच्चतम विन्दुमा पुगेको थियो । तर, त्यस समयमा कसले बोल्न सक्थ्यो र ? बिचौलिया खासै थिएनन् । तर, जब वि.सं.२०४६ सालमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको व्यवस्था भयो, तब विभिन्न राजनीतिक पार्टीहरू खोल्न थालियो र प्रतिस्पर्धात्मकता राजनीतिक व्यवस्थामा स्वतन्त्ररूपमा निजी सञ्चारमाध्यमहरूको पनि स्थापना हुन थाल्यो । स्वतन्त्ररूपमा जनताले आफ्ना विचारहरू राख्न पाउने भए । सरकारले गरेका काम कारबाहीमा आफ्नो धारणा मिडियामार्फत राख्न सकिने भयो । जनतामा धेरै सेवा सुविधाहरू पनि थपिँदै गए ।

तर, एकातिर स्वतन्त्रताको बिगुल फुकियो भने अर्कोतिर राज्यको सम्पत्तिको दोहन गर्न प्रत्येक राजनीतिक पार्टीसँग आबद्ध र घुलमिल हुनसक्ने बिचौलियाहरू जन्मे । जसले जुन राजनीतिक पार्टीको सरकार भए पनि राज्यको सम्पत्ति अप्रत्यक्षरूपमा दोहन गर्नका लागि भर्‍याङको रूपमा काम गर्ने वातावरण मिलाउँदै आउन थाले । यसको उदाहरणमा महाकाली सन्धिदेखि विभिन्न कलकारखानाको निजीकरणको नाममा विदेशीलाई सुम्पिने, लाउडा काण्ड, धमिजा, ओम्नी, यति, विभिन्न रिसोर्टहरू भाडामा दिने, क्यान्टोनमेण्ट घोटाला, सरकारी जग्गा व्यक्तिको नाममा ल्याउने कार्य, सेक्युरिटी प्रिन्ट मेसिन खरिद काण्ड, गिरीबन्धु चिया बगान, भुटानी शरणार्थी काण्ड, सेटिङमा भिजिट भिसामा विदेश पठाउने कार्य, सहकारीको नाममा जनतामारा लुटेराहरू जस्ता कर्तुत सतहमा आए । यस्ता घोटालाको मुख्य नाइके भनेकै आँटिला र साहसिला योद्धा नै बिचौलिया हुन् । बिना बिचौलिया न त नेताले केही गर्न सक्छन् न त प्रशासक नै ।

अहिले देशमा भ्रष्टाचारको मुख्य कारक तत्व भनेकै हरेक विकास निर्माण तथा प्रशासनिक कार्यका लागि बिचौलियाको नै ठूलो हात रहेको हुन्छ । हालै भूमि आयोग कास्कीको अध्यक्ष नियुक्ति र मालपोत कार्यालय



> *एकातिर स्वतन्त्रताको बिगुल फुकियो भने अर्कोतिर राज्यको सम्पत्तिको दोहन गर्न प्रत्येक राजनीतिक पार्टीसँग आबद्ध र घुलमिल हुनसक्ने बिचौलियाहरू जन्मे । जसले जुन राजनीतिक पार्टीको सरकार भए पनि राज्यको सम्पत्ति अप्रत्यक्षरूपमा दोहन गर्नका लागि भर्‍याङको रूपमा काम गर्ने वातावरण मिलाउँदै आउन थाले...*

कास्कीका प्रमुखको सरुवा तथा थमौतीका विषयमा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले बिचौलियासँग गरेको अडियो रेकर्ड बाहिर आएपछि उनले बाध्य भएर राजीनामा दिए भने प्रशासनिक कार्यमा अनुभवै नभएका मालपोत अधिकृतबारे पनि निकै चर्चाको विषय बनेको छ । यसले देशमा कसरी भ्रष्टाचार भइरहेको छ भन्ने घटनालाई उजागर गरेको छ ।

देशमा विकास नभएको पनि होइन, तर विकासको नाममा असारे बजेट फछ्र्यौट गर्ने, प्रत्येक काममा कमिसनको खेल हुने, कमिसनको खेलको कारण ठेकेदारको काम गराई पनि उस्तै प्रकृतिको हुने, कर्मचारी, जनप्रतिनिधि, ठेकेदारसहित मुख्य मानिनेहरू मिलेर भ्रष्टाचार परिपाटी आमरूपमा छ । यसो हेर्दा जनप्रतिनिधि र प्रशासनिक कर्मचारी पनि जनताको नजरमा चोखो देखिने, तर भित्र सल्किएको धमिरा कति गहिराइमा गएको छ भन्ने कुराको जानकारी सतहमा आइसक्दासमेत सबै मौन हुनुले अवस्था झल्काउँछ ।

अझै पनि देशका जनतालाई तीन वर्गमा विभाजित गर्न सकिन्छ । त्यसमा एउटा वर्ग हुनेखाने छ । उसँग प्रशस्त धन दौलत छ । उसले धन कमाउनका लागि राज्यसँग गुहार माग्नु पर्दैन, किनकि बिचौलियालाई मुसो खेलाए झैँ राज्यको सम्पत्तिमा हालीमुहाली गर्न तल्लीन हुन्छन् । तर, जनतालाई त के राज्य सञ्चालन गर्नेहरूलाई पनि यस्ता कुरा थाहै हुँदैन । ठूलो लगानीबाट नै राज्य, श्रमिक तथा मजदुर वर्गहरूलाई अप्रत्यक्षरूपमा शोषण गर्ने परिपाटी बनाइएको छ । अर्कोतिर मध्यम वर्ग छ, जो बढो संघर्षले इज्जतका साथ जिउनु पर्दछ भन्छ र, म घरानियाँ हुँ पनि भन्छ, तर सधैँ व्यस्त जीवन अनि राज्य तथा बिचौलियाद्वारा गरेको भ्रष्टाचारमा मौनताबाहेक उसको योगदान खासै पाइँदैन । त्यस्तै अर्को निम्न स्तरको वर्ग रहेको छ, जसअन्तर्गत संघर्षको मैदानमा सधैँ जेलिनुपरेको छ ।


हातमुख जोड्न, एकसरो नाना, बस्ने छाना, खाने मानाका लागि जीवन सधैँ संघर्षको भुमरीमा दौडाइराखेको हुन्छ । राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तनका लागि सधैँ यही समूह नै अगाडि बढिराखेको हुन्छ । तर, केही लाभको पदमा भने बिचौलियामार्फत अन्य स्वार्थ समूहको हालीमुहाली भइराखेको हुन्छ । अर्कोतिर राज्यको चौथो अङ्ग भनिने मिडिया क्षेत्र छ, जसले समय-समयमा राज्य तथा बिचौलियाले गरेको कामकारबाहीबारे जनतालाई सूचना दिइराखेको हुन्छ । यसमा नयाँ मिडिया अर्थात् डिजिटल मिडियाअन्तर्गत सामाजिक सञ्जाल, नागरिक पत्रकारिता, विभिन्न किसिमका युट्युबहरू लगायतले समाजमा घटेका विविध घटनाहरूलाई भिउज बढी आउने लालचले भएका र घटेका यथार्थ घटनाहरूलाई उत्तेजनात्मक ढंगबाट प्रचार-प्रसार गरेका हुन्छन्, जसले गर्दा जनतामा मुख्य धारका मिडियामासमेत विश्वासको वातावरण जाग्न सकेको देखिँदैन । कुनै-कुनै मिडियासमेत राजनीतिकर्मी तथा बिचौलियाको खेलमा आर्थिक चलखेलमा फसेको पनि पाइन्छ ।

यसरी देशमा व्यापकरूपमा भ्रष्टाचार हुनमा राजनीतिक नेतृत्व, बिचौलिया, कर्मचारी प्रशासकमात्र दोषी नभएर मतदानको समयमा सही नेतृत्व चयन गर्न नसक्ने नागरिक पनि दोषी हुन् । र, यसमा केही दोष मिडियाको पनि छ । जब जनताको सेवा भावले कुनै पनि समाचार सम्प्रेषण गर्नुपर्दछ र सत्य तथ्यमा आधारित समाचारले नै सबैको विश्वास जित्न सकिन्छ भन्ने सामान्य पत्रकारिताको आधारभूत सिद्धान्त पालना गर्न नजान्ने र आर्थिक प्रलोभनमा फस्ने पत्रकार पनि भ्रष्टाचारको मामलामा जिम्मेवार छन् ।

तसर्थ, अर्को जान्नुपर्ने र जनताले खबरदारी गर्नुपर्ने कुरा के हो भने देशमा जति पनि भ्रष्टाचार भइरहेको छ, त्यसको सम्पूर्ण जिम्मेवारी लिएर बसेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जबसम्म दलीय गुटका व्यक्ति चयन गरिन्छ, तबसम्म यो देशमा भ्रष्टाचारको जरो निर्मूल हुँदैन र हुन पनि सक्दैन । यदि जनता सचेत भएनन् भने राजनीतिक नेतृत्व तथा प्रशासनिक कर्मचारीले नीतिगत रूपमा बिचौलियाको आडमा भ्रष्टाचारको गन्ध फैलाइरहेका हुन्छन् ।

## इतिहासमा आज

२२ जुलाई १९९३ मा इलिनोइसको कास्कास्किया नजिकैका बाँधहरू फुटे । जसले गर्दा सम्पूर्ण शहरलाई खाली गराउनु पर्‍यो ।



२२ जुलाई १९९७ मा पोर्ट ह्युरोन, मिशिगन र सार्निया, ओन्टारियोबिचको दोस्रो ब्लू वाटर ब्रिजको सुरुवात गरिएको थियो ।



२२ जुलाई २००३ मा अमेरिकाको १०१ औं एयरबोर्नका सदस्यहरूले इराकमाथि आक्रमण गरे । सद्दाम हुसेनका छोराहरू उदय र कुसे, कुसेका १४ वर्षीय छोरा मुस्तफा हुसेन र एक अंगरक्षकको हत्या गरेका थिए ।



२२ जुलाई २०११ मा मध्य ओस्लोमा सरकारी भवनहरूलाई लक्षित गरी बम विस्फोट गरिएको थियो । जसलगत्तै उटोया टापुमा रहेको युवा शिविरमा नरसंहार गरिएको थियो ।



# बाढी पहिरो र सरकारको उपस्थिति

विचार



● शंकर मान सिंह

> *बाढी पहिरोबाट जोगिन गरिनुपर्ने पूर्वतयारीको पहिलो कदम जनचेतना हो । मानिसहरूले बाढी र पहिरो आउन सक्ने संकेतहरू बुझ्न जान्नुपर्छ र आकस्मिक अवस्थामा के गर्ने भन्ने थाहा हुनुपर्छ । समुदायस्तरमा तालिम, अभ्यास र जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ...*

रसुवास्थित ल्हेन्दे खोलामा अकस्मात् चीनतर्फबाट आएको बाढीले नेपाल-चीनबिचको मैत्री पुल मात्रै बगाएन, रसुवाका विभिन्न स्थानहरुमा ठूलो मात्रामा जनधन क्षति गरायो । बाढीसँगै नेपाल-चीन दुईतर्फी आवागमन समेत बन्द भएको छ । नेपाल-चीन सीमा क्षेत्रमा मात्रै क्षति पुर्‍याएन तल्लो भेगमा पनि ठूलो नोक्सानी पुर्‍यायो । बाढीले रसुवागढीसहित विभिन्न जल जलविद्युत केन्द्रमा क्षति पुर्‍याउँदा राष्ट्रिय प्रसारण लाइनमै समस्या निम्त्यायो । बाढीले १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत केन्द्रको उत्पादन मात्रै बन्द गराएन चिलिमे जलविद्युत केन्द्र, माथिल्लो त्रिशूली ‘ए’ लगायतमा क्षति पुर्‍यायो ।

रसुवा चीनतर्फबाट आएको बाढीले क्षति पुर्‍याउँदा यता मुस्ताङमा पनि त्यही समय बाढीले ठूलो क्षति बनायो । बाढीले ६ वटा पुल मात्रै बगाएन विभिन्न भौतिक संरचनामा पनि क्षति पुर्‍यायो । सँगै, आवतजावतमा ठूलो बाधा बनायो । लोमान्थाङमा परेको वर्षासँगै भीषण बाढी आएको थियो ।

एकपछि अर्कोगरी बाढीका घटना घटिरहँदा सुरक्षा सावधानीबारे केही चर्चा चलेको छ । हिमाली जिल्लामा अकस्मातरूपमा आएका बाढीको कारणबारे एक तहमा छलफल भएको छ भने अर्कोतर्फ आगामी दिनमा कसरी सचेतता अपनाउने भन्ने चिन्ता पनि चुलिएको छ । जसको निरूपणको लागि व्यापक अनुसन्धान आवश्यक देखिन्छ । उल्लेखित घटनामाथि भूगर्भविद्, हिमनदीविद्, जलमौसमविद् र रिमोट सेन्सिङ विश्लेषकहरू सम्मिलित बहु-अनुसन्धानात्मक टोलीले बाढीको वास्तविक कारण निर्धारण गर्न संयुक्तरूपमा अध्ययन गर्नुपर्छ । साथै, अन्य क्षेत्रमा पनि कसरी सचेतता अपनाउने भन्ने सन्दर्भमा ऊचित नीतिको खाँचो छ ।

वर्षासम्बन्धी अभिलेख राख्न थालेको ५४ वर्षयताकै सबैभन्दा बढी वर्षा गएको वर्ष उपत्यकामा भएको थियो । जल तथा मौसम विज्ञान विभागले जनाएअनुसार गत वर्ष २४ घण्टामा ३ सय २३ मिलिमिटरसम्म वर्षा मापन गरिएको थियो । यसलाई ध्यान दिई नेपालले सावधानी अपनाउनु पर्ने देखिन्छ । नेपाल खडेरी र बाढीको उच्च जोखिममा छ । यद्यपि, बाढी प्रभावित जनसंख्याका लागि सुरक्षा योजना छैन । उद्धार र राहतका लागि पनि विशेष कार्यक्रम निर्माण भएको छैन । घटना भइहालेमा कसरी व्यवस्थापन गर्ने भन्ने पनि व्यवस्थित खाका छैन ।

बाढी पहिरोबाट जोगिन गरिनुपर्ने पूर्वतयारीको पहिलो कदम जनचेतना हो । मानिसहरूले बाढी र पहिरो आउन सक्ने संकेतहरू बुझ्न जान्नुपर्छ र आकस्मिक अवस्थामा के गर्ने भन्ने थाहा हुनुपर्छ । समुदायस्तरमा तालिम, अभ्यास र जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ । साथै, जोखिमयुक्त क्षेत्रको पहिचान गरी त्यस्ता स्थानहरूमा समयमै सूचना प्रवाहको व्यवस्था मिलाइनुपर्छ । सँगै, सरकारबाट पूर्वसूचना प्रणालीको प्रभावकारी कार्यान्वयन गराउनु पर्छ । मौसम पूर्वानुमान, नदीको सतह नाप्ने प्रविधि तथा संचार माध्यममार्फत सतर्कता सन्देशहरू समयमै सम्प्रेषण हुनु आवश्यक हुन्छ । स्थानीय तहबाट केन्द्रसम्म सहकार्यपूर्ण संयन्त्र खडा गरिनु पूर्वतयारीको भरपर्दो आधार हो ।

पूर्वाधार तथा आपतकालीन सामग्रीको व्यवस्था हो । सुरक्षात्मक पर्खाल, पानीको निकास व्यवस्था, सुरक्षित बसोबासको प्रवन्ध तथा आकस्मिक उद्धारका लागि आवश्यक उपकरण र खाद्यान्नको जोहो गरिनु जरुरी हुन्छ । विद्यालय, सामुदायिक भवन तथा अन्य सार्वजनिक संरचनाहरूलाई अस्थायी सुरक्षित आश्रयस्थलको रूपमा प्रयोग गर्न सकिने व्यवस्था पनि गर्नुपर्छ । निष्कर्षमा भन्नुपर्दा, बाढी र पहिरोजस्ता प्रकोपबाट हुने क्षति रोक्न सकिन्छ भने पनि त्यसका लागि समयमै सोच, योजना र कार्यान्वयन हुनुपर्छ । केवल विपद्पछि उद्दार गर्ने विषय मात्र होइन, त्यसअघि नै जोखिम न्यूनीकरण गर्ने दीर्घकालीन रणनीति बनाउनुपर्छ । यसका लागि सरकार, स्थानीय तह, नागरिक समाज र जनताबीच सहकार्य अपरिहार्य हुन्छ ।

## सामाजिक सञ्जाल




प्रेमकान्त अधिकारी

अन्यायका विरुद्ध ऊजुरी दिन पाइन्छ । ऊजुरी उपर छानबिन हुनुपर्छ, तर हुने हो कि होइन त्यो परिस्थिति विद्यमान छ । ऊजुरी नै समस्याको समाधान भने होइन । पीडित र पीडकको मेलमिलाप हुन सक्छ, तर पीडितको पीडा त भित्र गडेर रहिरहनेछ । उजुरी दिनै नपर्ने स्वच्छ वातावरण निर्माण होस् ।



मधुकर खनाल

राष्ट्रपति भइसकेको व्यक्ति पूनः सक्रिय राजनीतिमा आउन खोज्नु गणतन्त्रकै धज्जी उडाउनु हो । त्यस्ता पात्रलाई प्रोत्साहन गर्न खोज्ने शेखर कोइरालाको राजनीतिक परिपक्वता भयो त ? पार्टीको प्रमुख हुने सम्भावना भएका उनीले हालको गठबन्धनको विकल्प खोज्नु पार्टी पद्धति अनुकूल हो त ?



युवराज सेढाइँ

मदन भण्डारीले ‘महाराज नजर नचम्काई बक्सियोस्’ भनेका थिए । डेढ दशकमै व्यवस्था फेरियो । विद्यादेवी भण्डारी दुई/दुई पटक राष्ट्रपति भइन् । केपी जीले पुनः ‘महारानी नजर नचम्काई बक्सियोस्’ भन्नुपर्ने अवस्था आइलाग्यो । कहिलेकाहीँ प्रेत पनि पेट मिचेर हाँस्छ, उसले बाँचुन्जेल जे देखेन, त्यो मरेर देख्छ ।



निर्मल दाहाल

हाम्रो सनातनी परम्परा र पूर्वीय संस्कारमा कसैको मृत्युको कामना गर्दैन । शत्रुको मृत्युमा समेत यथासम्भव दुःख व्यक्त गरिन्छ । वर्तमान राजनीतिक वितृष्णाले आमजनता यस्तो निराशाजनक अवस्था सिर्जना गरेको छ कि नेपालका ४/५ नेताको मृत्युको कामना गर्न थालिएको छ । यो कति विडम्बनापूर्ण परिस्थिति हो !

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# बाँदर नियन्त्रण गर्न २० जना हेरालु परिचालन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ साउन

अर्घाखाँचीमा किसानको बालीनाली जोगाउन र जंगली जनावरबाट हुने क्षति न्यूनीकरण गर्न डिभिजन वन कार्यालयले २० जना हेरालु परिचालन गरेको छ । बाँदर, बँदेल, दुम्सी लगायतका जंगली जनावरले खेतबारीमा धान, मकै, तरकारी जस्ता अन्नबालीमा क्षति पुऱ्याउन थालेपछि कार्यालयले वन हेरालु नियुक्त गरी कार्यक्षेत्रमा खटाएको हो ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका सिनियर डिभिजन वन अधिकृत मोहनप्रसाद श्रेष्ठका अनुसार, केही दिन अघि कार्यालयले एक सूचना प्रकाशित गरेपछि वडा कार्यालयको सिफारिससहित युवायुवतीहरूबाट आवेदन संकलन गरिएको थियो । प्राप्त आवेदनहरूमध्येबाट २० जना व्यक्तिहरू छनोट गरी नामावली सार्वजनिक




गरिएको र उनीहरूसँग औपचारिक सम्झौता गरेर स्थानीय नागरिकसँग समन्वय गर्दै कार्यक्षेत्रमा खटाइएको जानकारी उनले दिए ।

वन अधिकृत श्रेष्ठले हेरालुहरूलाई किसानको खेतबारीको सुरक्षा गर्न, जङ्गली जनावरलाई लखेट्न तथा मानव-वन्यजन्तु द्वन्द्व कम गर्दै सहअस्तित्वको वातावरण बनाउने गरी निर्देशन दिइएको पनि बताए ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी केसव खड्काले भने, 'किसानको खेतीबाली सुरक्षित गर्नु र मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्दै सहअस्तित्व प्रवर्द्धन गर्नु हाम्रो उद्देश्य हो । यो कार्यक्रम खासगरी स्थानीय तहबाट हुनु पर्ने हो, तर हाल डिभिजन वन कार्यालयले अग्रसरता लिएको छ । यदि सफल भयो भने यसलाई निरन्तरता दिइनेछ ।'

कार्यक्रम डिभिजन वन कार्यालय अन्तर्गतका वन व्यवस्थापनमा सक्रिय १० वटा सामुदायिक वन समूहहरूको संयुक्त सहकार्यमा अगाडि बढाइएको हो। ती समूहहरूको कोषमा मौज्दात आय राम्रो रहेको र त्यसैको सहयोगमा कार्यालयले सूचना प्रकाशित गरेपछि आवेदन आह्वान गरिएको थियो । प्राप्त आवेदनहरूमध्येबाट बाँदर र बँदेल हेरालुका रूपमा छनोट गरिएका २० जनालाई तीन महिनाको अवधीका लागि मासिक १० हजार रुपैयाँ दरले नियुक्त गरिएको हो ।

हालका लागि पहिलो चरणमा आवेदन दिएका वडाहरूबाट मात्र २० जना नियुक्त गरिएको र आगामी दिनमा आवश्यकतानुसार यो संख्या थप गर्न सकिने डिभिजन वन कार्यालयले जनाएको छ ।

# अब बालुवाटार र नक्सालमा पनि मेलम्चीको खानेपानी

**काठमाडौं/मस**–प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार, नक्साल, भाटभाटेनी पूर्वलगायत क्षेत्रमा मेलम्चीको खानेपानी वितरण गरिने भएको छ । खानेपानीमन्त्री प्रदीप यादवका अनुसार खानीपानी पठाउनका लागि आवश्यक पूर्वाधार तयारी अवस्थामा रहेकाले अब चाँडै सो क्षेत्रमा मेलम्चीको खानेपानी पुग्नेछ ।

खानेपानी मन्त्रालय मातहतको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) द्वारा सोमबार बालुवाटार क्षेत्रमा मेलम्ची खानेपानी आपूर्ति प्रणालीअन्तर्गतको 'पाइपलाइन' बिछ्याइएको क्षेत्रमा अनुगमन तथा निरीक्षणपछि उनले पाइपलाइन बिछ्याउने कार्य सफल भएकाले चाँडै मेलम्चीको खानेपानी वितरण गरिने बताए ।

मन्त्री यादवले भने, 'बालुवाटास्थित प्रधानमन्त्री निवास तथा आसपासका क्षेत्रहरूमा मेलम्ची खानेपानी आपूर्ति प्रणालीअन्तर्गत बिछ्याइएको प्राइमरी पाइपलाइन सफलतापूर्वक सम्पन्न गरिएको छ। अब चाँडै मेलम्चीको खानेपानी वितरण गर्छौं ।'



हाल पाइपलाइनको दबाब परीक्षण 'प्रेसर टेस्ट' को तयारी तथा कार्यसम्पन्न गर्ने चरणमा रहेको र प्रेसर टेस्ट सफलतापूर्वक सम्पन्न भएपछि बालुवाटार, नक्साल (भाटभटेनी पूर्व), टुँडालदेवी, विशालनगर, वङ्शीधर मार्ग पश्चिम तथा सुवर्णशम्शेर सडकमा मेलम्चीको पानी आपूर्ति सुरू गरिने आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)की प्रमुख लक्ष्मी उपाध्यायले जानकारी दिइन् ।


उनका अनुसार पानी वितरणपश्चात् उक्त क्षेत्रका करिब तीन हजार ५०० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ । काठमाडौं उपत्यकाका बासिन्दालाई शुद्ध, स्वच्छ तथा नियमित खानेपानी आपूर्ति गर्ने दीर्घकालीन लक्ष्यअनुरूप उक्त पाइपलाइन बिछ्याउने कार्य निर्माण गरिएको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का आयोजना प्रबन्धक अमित रञ्जितले जानकारी दिए ।

# एनआरएनए मलेसियाको अधिवेशन तोकिएको समयमै हुने

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ५ साउन

गैरआवासीय नेपाली संघ( एनआरएनए), राष्ट्रिय समन्वय परिषद (एनसीसी)मलेसियाले आगामी अधिवेशन 'एकताको अधिवेशन'को रूपमा सम्पन्न गर्ने निर्णय गरेको छ ।

कार्यसमिति बाहिर रहेका अग्रज, पूर्वअध्यक्ष तथा सल्लाहकार हरूको सक्रिय पहलमा गरिएको एकताको प्रयासप्रति संघले आभार व्यक्त गरेको छ । संघका अध्यक्ष राकेश महत्तोका अनुसार सबैलाई समेटेर सहमतिको आधारमा अघि बढ्नुपर्ने आवश्यकता महसुस गर्दै अधिवेशनलाई साझा सहभागितामूलक बनाउने पहल गरिएको हो । यसअघि जुलाई २७, २०२५ मा अधिवेशनको मिति तोकिएको भएपनि, एकताको बैठकमा उक्त मिति सारेर अगष्ट ३० र ३१ तय


NON-RESIDENT NEPALI ASSOCIATION
गैर आवासीय नेपाली संघ, मलेसिया
विज्ञप्ति

गरिएको थियो । तर प्राविधिक कारणवश पुनः मिति जुलाई २७ मै समायोजन गर्नुपर्ने अवस्था आएको बताइएको छ। केन्द्रीय विधानअनुसार राष्ट्रका सबै एनसीसीहरूले जुलाई महिनाभित्र अधिवेशन सम्पन्न गर्नुपर्ने प्रावधान रहेकाले, सोही अनुसार मितिभित्रै अधिवेशन सम्पन्न गर्न संघ बाध्य भएको छ ।

यस सन्दर्भमा निर्वाचनको कार्यतालिका चाँडै सार्वजनिक गरिने जनाइएको छ। एनआरएनए मलेसियाको आफ्नै छुट्टै सदस्यता पोर्टल नभएकाले, सदस्यता नविकरणका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद (आइसीसी) अन्तर्गत रहेको एमआइएस प्रणालीलाई मान्यता दिइएको छ ।

महत्तोले विधानको पालना गर्दै अधिवेशनलाई सफल र ऐतिहासिक बनाउन सम्पूर्ण सदस्यहरू, शुभेच्छुकहरू तथा सरोकारवालाहरूलाई सहकार्य र सहभागिताका लागि आग्रह गरेका छन् ।

# कतारमा अस्ताए रोल्पाका यामबहादुर



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ५ साउन

उच्च रक्तचापका कारण कतारमा निधन भएका रोल्पाका यामबहादुर पुनको शव नेपाल पठाइएको छ । रोजगारीको सिलसिलामा करिब १ वर्ष पहिले कतार आएका पुनको सुतेकै अवस्थामा उच्च रक्तचापका कारण गत जुलाई १२ तारिखका दिन निधन भएको कतारको सरकारी अस्पतालको डेथ सर्टिफिकेटमा उल्लेख गरिएको छ । ३ जना दाजुभाईमध्ये मृतक माइला छोरा हुन् । मृतक पुनका ३ छोरा, श्रीमती बाबुआमा छन् ।

पुनको मृत्यु लगत्तै नेपाली नियोगमा पुगेर शव नेपाल पठाउन तथा पुनले पाउनुपर्ने रकमका बारेमा रोल्पाली सेवा समाज कतारका अध्यक्ष गोपाल डाँगीले सहजीकरण गरेका थिए। डाँगीका अनुसार मृतकले पाउनु पर्ने हिसाब श्रीमतीको नामको बैंक खातामा जम्मा गरिएको र समाजले पनि करिब एक लाख रुपैयाँ किरिया खर्चस्वरूप पठाउन लागिएको बताए। कतारमा रहँदा रोल्पाको जिल्ला संस्थामा समेत आबद्ध रहेका थिए । पुनको हालको बसाइँ रहेको दाङको घोराही-६, लखुवारस्थित बबईघाटमा अन्त्येष्टि गरिएको छ। मृतकको शव पठाउन र आर्थिक संकलन गर्न सहयोग गर्ने सबैलाई समाजले धन्यवाद ज्ञापन गरेको छ ।

# विकेन्द्रीकरण माग गर्दै शैक्षिक गतिविधि ठप्प

**ललितपुर/मस**–इञ्जिनियरिङ अध्ययन संस्थानअन्तर्गत सबै आंशिक क्याम्पसका कक्षा, प्रयोगशाला तथा शैक्षिक गतिविधिहरू ठप्प भएको १३ दिन बितिसकेको छ ।

विसं २०८० साउन १ गते स्थगित गरिएको विकेन्द्रीकरण तथा स्वायत्तता पुनःलागू गर्नुपर्ने माग राख्दै विद्यार्थी र शिक्षक एकैसाथ आन्दोलनमा उत्रिएका छन्। त्रिभुवन विश्वविद्यालयमार्फत विसं २०५५ मा इञ्जिनियरिङ अध्ययन संस्थानलाई प्रदान गरिएको विकेन्द्रीकरण तथा स्वायत्तता साउन १ गतेको सिनेट बैठकबाट स्थगन गरिएको थियो। सो निर्णयको विरोधमा शिक्षाको गुणस्तर र संस्थाको गरिमा जोगाउने उद्देश्यका साथ शिक्षक तथा विद्यार्थीहरू आन्दोलनरत रहेको आन्दोलनरत पक्षले बताएका छन् ।

इञ्जिनियरिङ अध्ययन संस्थानमा लागू भएको विकेन्द्रीकरण पुनः लागू गरिनुपर्ने माग गर्दै प्राध्यापक संघ पुलचोक क्याम्पसका कोषाध्यक्ष वीरेन्द्रकुमार श्रेष्ठले भने, 'हाम्रो धेरै ठूलो माग छैन । विसं २०५५ देखि लागू भएको विकेन्द्रीकरण पुनः लागू भए पठनपाठन तुरुन्त सुरू




गर्छौं। स्वायत्तता नभए इन्जिनियरिङ क्याम्पसमा शिक्षाको गुणस्तर र गरिमा जोगाउन सकिँदैन। त्यसैले क्याम्पसको गरिमा र विद्यार्थीको भविष्यको ख्याल गर्दै हामी आन्दोलनमा छौं ।'

विकेन्द्रीकरण स्थगनसँगै इन्जिनियरिङ अध्ययन संस्थानको गरिमा घट्ने खतरा रहेको र अन्य आङ्गिक क्याम्पस जस्तै स्थितिमा पुग्ने सम्भावना रहेको पुलचोक क्याम्पसका स्ववियु कोषाध्यक्ष अल्वर्ट ढकाल बताउँछन् । उनले भने, 'इञ्जिनियरिङ अध्ययन संस्थानको स्वायत्तता त्रिभुवन विश्वविद्यालयले खोसेपछि परीक्षा ढिलो हुन्छ, नतिजा ढिलो प्रकाशित हुन्छ। हामी इञ्जिनियरिङ अध्ययनरत विद्यार्थीहरूको भविष्यमा खेलवाड हुने सम्भावना बढेकाले स्वायत्तता पूर्णरूपमा लागू गरिनुपर्छ भन्ने मागसहित आन्दोलनमा छौं ।'

विसं २०८० साउन १ गतेको सिनेट बैठकले विकेन्द्रीकरण स्थगन गर्दै एउटा बुँदामा समिति गठन गरी पुनःस्वायत्तता लागू गर्न सकिने उल्लेख गरेको दुई वर्ष बित्दासमेत कुनै समिति गठन नभएको पुलचोक इञ्जिनियरिङ क्याम्पसका सहप्राध्यापक अजयकुमार झाको भनाइ छ ।

# मनाङमा बढ्दै विदेशी पर्यटक



**मनाङ/मस**-हिमाली जिल्ला मनाङमा विदेशी पर्यटकको आगमन बढ्दै गएको छ । मनाङ भ्रमणमा आउने विदेशी पर्यटकको वार्षिकरूपमा बढ्दै गएको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय मनाङका अनुसार आर्थिक वर्ष २०८१/८२ मा २२ हजार ४७७ पुरुष, १५ हजार २४९ महिला र अन्य छ गरी ३७ हजार ७३२ विदेशी पर्यटकको आगमन भएको छ ।

उक्त इलाकाअन्तर्गत धारापानी पर्यटक चेकपोष्टको तथ्यांकअनुसार तीमध्ये दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) राष्ट्रका दुई हजार ५५४ र अन्य राष्ट्रका ३५ हजार १७८ पर्यटकले मनाङ भ्रमण गरेको कार्यालयका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिए । आर्थिक वर्ष २०८१/८२ मा १३४ देशका पर्यटकले मनाङ भ्रमण गरेको उनले जानकारी दिए ।

यस आर्थिक वर्षमा सबैभन्दा बढी इजरायलका चार हजार ३५८ नागरिकले मनाङ भ्रमण गरेको भुजेलले बताए । फ्रान्सका तीन हजार ६१६ र जर्मनीका दुई हजार ८४२ नागरिकले भ्रमण गरेका छन् । गत वर्षको तुलनामा यस आर्थिक वर्षमा १० राष्ट्रका पर्यटकको आगमन वृद्धि भएको उनले बताए ।

आर्थिक वर्ष २०८०/८१ मा १२४ राष्ट्रका २२ हजार ३७१ पर्यटकले मनाङ भ्रमण गरेका थिए । यस वर्ष फ्रान्सका नागरिक सबैभन्दा बढी आएको तथ्यांकमा उल्लेख छ । यस वर्षमा इजरायली नागरिकको संख्या अधिक रहेको उनको भनाइ छ ।

विश्वको १०औं स्थानमा पर्ने जोखिमयुक्त पदमार्गका रूपमा रहेको अन्नपूर्ण पदमार्ग मनाङमा नै पर्ने भएकाले पर्यटकको आकर्षण बढ्दै गएको छ । मनाङ प्राकृतिक सम्पदाले भरिपूर्ण भएकाले पनि पर्यटकको रोजाइमा पर्ने गरेको उनको भनाइ छ ।

आन्तरिक पर्यटक पनि बिदाको समयमा भ्रमणमा आउने क्रम बढ्दो रहेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय मनाङका संरक्षण शिक्षा सहायक भूपेन्द्र गुरुङले जानकारी दिए । आन्तरिक पर्यटकको भने अभिलेख राखिँदैन । तर, पर्यटकको आगमन भने उल्लेख्य हुने गरेका उनको भनाइ छ ।

मनाङ आउने अधिकांश पर्यटक तिलिचो ताल हुँदै थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्के भञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन्। आन्तरिक पर्यटकको रोजाइमा तिलिचो ताल पर्ने गरेको मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले बताए । लगातार बिदा भएको समयमा आन्तरिक पर्यटक तिलिचो काललाई मुख्य गन्तव्य बनाएर आउने गरेका पाइएको उनले बताए ।

दुई समयमा मनाङका पदमार्गमा यात्रा गर्न सकिन्छ । कोभिडको सङ्क्रमण र विसं २०७८ को बाढीपहिरापछि यहाँ पर्यटक आवागमनमा वृद्धि हुँदै गएको छ । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आकर्षण र आगमन हुने गर्दछ । साथै अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेसिशहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुवात गर्दछन् । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँचवटा जिल्ला जोडिएको छ । काठमाडौंदेखि बेँसीसहरसम्म सवारी साधनमा पर्यटक आउने गर्दछन् । पछिल्लो समय सडक सञ्जालको सहजताले सवारीसाधनमा नै चामे, खाङ्सारसम्म पुग्ने गरेको पाइन्छ । त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा गर्ने गरेका भेटिन्छन् ।

# कारागारबाट छुट्ने भन्दा आउने बढी




**चितवन/मस**–कारागार कार्यालय चितवनबाट एक वर्षमा छुटेर जानेभन्दा थपिनेको संख्या बढेको पाइएको छ। विभिन्न मुद्दामा फैसला हुन बाँकी भएर वा फैसला भएर आएका कैदी एवं बन्दीको संख्या छुटेर जानेकोभन्दा धेरै रहेको पाइएको हो ।

कार्यालयका सूचना अधिकारी चेतनाथ ढुंगानाका अनुसार गत आर्थिक वर्षमा कारागार कार्यालयमा ८०८ जना कैदीबन्दी नयाँ थपिएका छन्। यस्तै, सोही समयमा ६७२ जना छुटेको उनले जानकारी दिए ।

उनका अनुसार थपिएका कैदीबन्दीमध्ये १५० जना नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)का हुन् भने अन्य चितवनका छन् ।

गत वर्षमा यस कारागारबाट स्थानान्तरण भएर विभिन्न कारागार गएका कैदीहरूको संख्या १४५ जना छ । यस्तै, उपचारका लागि विभिन्न कारागारबाट आउने कैदी छ जना रहेको उनले जानकारी दिए ।

उक्त अवधिमा ४२ जनाले 'प्यारोल' सुविधा लिएका छन् । प्यारोल सुविधाका लागि एक वर्षभन्दा बढी कैद तोकिएका र दुई तिहाइ कैद भुक्तान गरेका हुनुपर्ने हुन्छ ।

कारागारमा गत आर्थिक वर्षमा दुईजना कैदीबन्दीको मृत्यु भएको उनले जानकारी दिए ।

क्यान्सर रोगका कारण उनीहरूको मृत्यु भएको हो । अहिले कारागार कार्यालयमा ७३० जना छन् । जसमध्ये ६८४ जना पुरुष र ४६ जना महिला रहेका छन् । तीसँग आश्रित पाँचजना बालबालिका रहेका छन् । कारागारमा ४७० पुरुष र ३५ जना महिला राख्ने क्षमता रहेको छ ।

# 'अर्घाखाँची पर्यटकीय सम्भावना बोकेको जिल्ला'

**अर्घाखाँची/मस**–सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले अर्घाखाँचीको पर्यटन विकासमा ट्राभल एजेन्सीको महत्वपूर्ण भूमिका हुने बताएका छन् । उनले अर्घाखाँची नेपालकै सबैभन्दा बढि पर्यटकीय सम्भावना बोकेको जिल्ला भएकाले यहाँ सुविधासम्पन्न निजी क्षेत्रको ट्राभल एजेन्सी सञ्चालनमा आएपछि यहाँ आउने बाह्य पर्यटक र यहाँबाट बाहिर जाने व्यक्तिहरूका लागि सहज हुने उल्लेख गरे । त्यसैले अहिले यसको प्रचारप्रसार आवश्यक रहेको उनले बताए ।

विदेशमा कमाएको पसिनालाई अब आफ्नै माटोमा प्रयोग गर्ने सोचका साथ अघि बढेका समाजसेवी युवा राजु खड्काले सन्धिखर्कमा सञ्चालनमा ल्याएको 'द बेष्ट ट्राभल एण्ड टुर प्रालि'को उद्घाटन समारोहमा नगरप्रमुख श्रेष्ठले यस्ता खालका व्यवसाय सञ्चालन गर्ने युवाहरुलाई नगरपालिकामार्फत सहयोग गरिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका पूर्व नगरप्रमुख तथा नेपाली कांग्रेसका नेता कमलप्रसाद भुसालले बढीभन्दा बढी पर्यटक अर्घाखाँची भित्र्याउने र जिल्लावासीका लागि बाह्य भ्रमणको प्रबन्ध गर्ने उद्देश्यले ट्राभल एजेन्सी स्थापना गर्ने युवा व्यवसायी राजु खड्का तथा उनका सहकर्मीहरूलाई धन्यवाद व्यक्त गरे । उनले अर्घाखाँचीका सर्वसाधारणका लागि पर्यटनमा



पहुँच पु-याई दीर्घकालीनरूपमा यस क्षेत्रको पर्यटन प्रवर्द्धनलाई उत्कर्षमा पुऱ्याउन ट्राभल एजेन्सीको भूमिका महत्वपूर्ण रहने धारणा राखे । २१ वर्ष दुबईमा संघर्ष गरेर आत्मनिर्भर बन्ने यात्रामा जुटेका युवा खड्काले भने, 'देशमै सम्भावनाहरु छन्, हिम्मत चाहिन्छ ।'

उनले विदेशमा कमाएको अनुभव र सीप अब गाउँमै प्रयोग गर्न चाहेको जनाउँदै, आफू जस्तै विदेशबाट फर्किएका युवाहरूले पनि केही गर्न सक्छन् भन्ने सन्देश दिन यस्ता व्यवसायमा होमिएको स्पष्ट पारे । समाजसेवीको छवि बनाएका खड्काले दुबईको तातो घाम, पसिना, संघर्ष र अनुभवसँग जुध्दै आफूले सुरु गरेको यो यात्रा अब आत्मनिर्भर सपना साकार पार्ने दिशामा मोडिएको बताए ।

देशमै केही गर्न सकिँदैन भन्ने निराशालाई पछाडि छोड्दै, खड्काले आफ्नो गाउँ-ठाउँ र जिल्लामा सेवा दिने अठोटसहित व्यवसाय सुरु गरेको जनाए ।

उनले सञ्चालनमा ल्याएको 'द बेष्ट ट्राभल एण्ड टुर प्रालि'ले देश-विदेश टुर प्याकेज, हवाई टिकट बुकिङ, वर्ल्ड टुर प्याकेज, धार्मिकस्थल भ्रमण, सवारी रिजर्भ, डोर टु डोर कार्गो सेवा, श्रम स्वीकृति, पासपोर्ट फारम, फोटोकपी, स्क्यान, प्रिन्टिङ, भिडियो तथा फोटो सम्पादन, मिक्सिङसम्मका अत्याधुनिक सेवा एकै ठाउँबाट उपलब्ध गराउनेछ । साथै, अर्घाखाँचीमै पहिलोपटक हेलिकप्टर रिजर्भको सुविधा पनि ल्याइएको छ, जसले गर्दा जिल्लाबासी उत्साहित भएका छन् ।

उद्घाटन कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, समाजसेवी, पत्रकार तथा स्थानीय जनताको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# ‘माग्ने राजा’को गीतमा केदार घिमिरेको धनाढ्य अवतार

**काठमाडौं/मस–** आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको नेपाली चलचित्र ‘माग्ने राजा’को दोस्रो गीत ‘सुतेर उठेको पैसामा’ सार्वजनिक गरिएको छ । सोमबार ललितपुरको लाबिम मलमा आयोजित विशेष कार्यक्रममा गीत सार्वजनिक गरिएको हो ।

चलचित्रका मुख्य अभिनेता केदार घिमिरे (माग्ने बुढा)को केन्द्रमा रहेको यो गीतमा उनलाई सम्पत्तिमा पौडिँदै, हेलिकप्टर चढ्दै, पैसा ओछ्याएर सुतिरहेको जस्ता भव्य दृश्यमा देखाइएको छ । गीतले एक धनाढ्य पात्रको ठाँटबाँठलाई चित्रण गर्छ ।

बाबुल गिरीको स्वर, शब्द, संगीत र एरेञ्ज रहेको गीतमा बालगायक रोनिश खड्काको आवाज पनि समावेश गरिएको छ। गीतको अन्त्यमा राखिएको चाइल्ड भर्सनमार्फत ‘पैसाभन्दा पढाइ ठूलो हो’ भन्ने सन्देश दिन खोजिएको छ ।

गीतको कोरियोग्राफी गम्भीर विष्टले गरेका छन् भने भिडियोमा केदार घिमिरेसँगै विल्सन विक्रम राईलाई पनि फिचर गरिएको छ ।



कार्यक्रममा चलचित्रका लेखक सामीप्यराज तिमल्सिनाले चलचित्रको कथा नै पैसाको वरिपरि घुमेको बताए । गीतमा देखाइएको दृश्य र भावले चलचित्रको मूल विषयवस्तु स्पष्ट पार्छ ।

ऋषि लामिछानेको निर्देशन रहेको चलचित्र ‘माग्ने राजा’लाई मुनाल घिमिरेले प्रस्तुत गरेका हुन् । चलचित्रका निर्माता मधुसूदन शर्मा हुन् । आरम्भ प्रोडक्सनको ब्यानरमा बनेको चलचित्रमा नरेन्द्र मैनालीको छायांकन र मित्र डी. गुरुङको सम्पादन रहेको छ ।

चलचित्रमा केदार घिमिरे, वर्षा सिवाकोटी, विल्सन विक्रम राई, शिशिर वाङ्देल, शारदा गिरी, राधिका कँडेल, मिस पवी लगायतको अभिनय छ । आर्यन सिग्देल विशेष भूमिकामा देखिनेछन् ।

दीपक शर्मा र बाबुल गिरीको संगीत रहेको चलचित्रमा कविराज गहतराज र गम्भीर विष्टको कोरियोग्राफी तथा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

यसअघि सार्वजनिक गरिएको टिजरलाई पनि दर्शकले सकारात्मक प्रतिक्रिया दिएका छन् । तिजको छेको पारेर रिलिज हुन लागेको चलचित्रले पैसाको अहंकार र त्यसबाट जन्मिने परिस्थितिलाई मनोरञ्जनात्मक ढंगले प्रस्तुत गर्ने लक्ष्य राखेको छ ।

# ‘कोशेढुंगा’को तिज गीत सार्वजनिक

**काठमाडौं/मस–** आगामी भदौ १२ गते प्रदर्शनमा आउन लागेको चलचित्र ‘कोशेढुंगा’को तिज विशेष गीत ‘नत्र भने जिन्दगी व्यर्थ छ’ सार्वजनिक गरिएको छ । सेभेन सिज इन्टरनेसनलको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको गीतमा विवाहित र अविवाहित महिलाको जीवनअनुभूति तथा कल्पनालाई सन्देशमूलक ढंगमा प्रस्तुत गरिएको छ ।

गीतमा नेत्र अर्यालको शब्द र खेम सेन्चुरीको हुकलाइन तथा संगीत रहेको छ । सेन्चुरीकै स्वरमा समीक्षा अधिकारी र दीपिका बयम्बु मगरले समेत साथ दिएका छन् । तिजको सांस्कृतिक र रमाइलो माहोललाई प्रतिविम्बित गर्दै तयार पारिएको गीतमा विवाहित जीवनको यथार्थ र अविवाहितको कल्पनालाई समेटिएको छ ।

भिडियोमा चलचित्रकी प्रमुख अभिनेत्री सुरक्षा पन्त र नीति शाहले अविवाहित महिलाको चाहना र कल्पना प्रस्तुत गरेकी छन् भने ऋचा शर्माले विवाहित महिलाको प्रेमभाव व्यक्त गरेकी छन् । मन्जिल कुमारले विवाहको आकांक्षा व्यक्त गर्दै सुरक्षाको प्रेममा देखिन्छन् । भिडियोमा तिजको परम्परा झल्काउने भेषभूषा, गीतको लयमा नृत्य र समसामयिक सन्देश समेटिएको छ ।

सार्वजनिक गीतलाई लोकप्रिय बनाउने उद्देश्यले निर्माण पक्षले टिकटक प्रतिस्पर्धा पनि घोषणा गरेको छ । ‘नत्रभनेजिन्दगीव्यर्थछ’ ह्यासट्यागसहित भिडियो बनाएर सहभागी हुन सकिने यो प्रतियोगिता साउन ६ गते (जुलाई २१) देखि अगस्ट २० (भदौ ४) सम्म खुला रहनेछ । उत्कृष्ट प्रदर्शनलाई ३० हजार, सर्वाधिक सिर्जनात्मक भिडियोलाई २० हजार र सबैभन्दा धेरै लाइक पाउने भिडियोलाई १० हजार नगद पुरस्कार दिइने बताइएको छ । ‘पूर्ण बहादुरको सारंगी’ जस्ता प्रशंसित चलचित्र निर्देशन गरिसकेका निर्देशक सरोज पौडेलको निर्देशनमा तयार भएको ८‘कोशेढुंगा’८लाई प्रतीक्षित चलचित्र मानिएको छ। नरदेवी फिल्म्सको प्रस्तुति र सारंगी फिल्म्सको सहकार्यमा निर्माण भएको यस चलचित्रमा सुरक्षा पन्त, आर्यन सिग्देल, ऋचा शर्मा, मन्जिल कुमार, नीति शाह, प्रवीण खतिवडा, सरोज खनाल, विशाल पहाडी, हिउवाला गौतम, दिनेश काफ्ले, लोकमणि सापकोटालगायत कलाकारको अभिनय छ ।

# नेपालमा पहिलो पटक ‘हरर चलचित्र महोत्सव’ हुँदै

**काठमाडौं/मस–** नेपालमा पहिलोपटक काल्पनिक र लोककथामा आधारित रहेर निर्माण गरेका चलचित्रलाई समेटेर ‘काठमाडौं हरर चलचित्र महोत्सव’ आयोजना हुने भएको छ ।

भूतप्रेतको कथामा आधारित रहेर निर्माण गरिने ‘हरर’ विधाका चलचित्र हेर्ने दर्शकको संख्या नेपालमा भएता पनि चलचित्र निर्माण निकै न्यून छ । प्राविधिक रुपमा खर्चालु हुने भएकाले निर्माता तथा निर्देशकले ‘हरर’ विधामा आधारित रहेर चलचित्र निर्माण गर्न त्यति चासो देखाएका छैनन् ।




यद्यपि उनीहरूलाई प्रोत्साहित गर्न अन्तर्राष्ट्रियरूपमा मनाइने पर्व ‘हेलोविन’को अवसरमा आगामी कात्तिक १४ देखि १६ गतेसम्म काठमाडौंमा आयोजना हुने उक्त महोत्सवका निर्देशक रसिक पाठकले जानकारी दिए ।

‘यस महोत्सवले हरर विधामा निर्माण भएका चलचित्रको प्रचार गर्नाका साथै नयाँ निर्माण गर्न इच्छुक चलचित्रकर्मीलाई प्रोत्साहन दिने विश्वास हामीले लिएका छौं, नेपालमा हरर विधामा निर्माण भएका विदेशी चलचित्रको बजार राम्रै मानिएको छ, विशेषत: सहरी क्षेत्रमा त्यस्ता चलचित्र हेर्ने दर्शकको भीड देखिन्छ, यसकारण हामीले नेपाली चलचित्रकर्मीलाई प्रोत्साहन दिन महोत्सव आयोजना गर्न लागेका हौं,’ निर्देशक पाठकले भने । उनले चलचित्रहरुका लागि आवेदन पनि खुला गरिएको जानकारी दिए । महोत्सवलाई नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले आयोजना गर्न लागेको हो ।

**भूल सुधार गरिएको सूचना**

प्रकाशित मितिः २०८२/०४/०६

मिति २०८२/०४/०५ गते प्रकाशित अधिकृत वारेस बदर गरिएको सूचनाको सुनसरी जिल्ला मधेशा गा.वि.स. वडा नं.९ क कि.नं. ११९५ को क्षेत्रफल ०-२-५-० (७६१.६१ ब.मि.) हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**मोटरसाईकल हराएको सूचना**

यहीं मिति २०८२/०३/२५ गते अ.बेलुकी ७:०० बजेको समयमा का.जि.का.म.पा.-३१ मिलिजुलिचोक स्थित सडक खण्डमा पार्किङ गरेर राखेको अवस्थामा मेरो निम्न ब्यहोरा भएको मोटरसाइकल हराएको हुँदा देख्नु हुने वा पाउनुहुने महानुभावले निम्न ठेगाना अथवा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनी: नेको ईन्सुरेन्स लिमिटेड
सवारी दर्ता न.: बा.प्र.३-०२-०१२ प ६४६८
मोडल नं.: PULSAR २२० सिसि बजाज पल्सर
इन्जिन नं.: DKYCKF-81973
च्यासिस नं.: MD2A13EY7KCF-88897
ठेगाना: का.जि.का.म.पा.-३१, मिलिजुलीचोक, काठमाडौं
सम्पर्क ब्यक्ति : निरज स्याङदान
सम्पर्क नं.: ९८००८८४७४०

**राहदानी हराएको सूचना**

मिति २०७९।०८।२० गते काठमाडौं को बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: DIPAK UPRETI
पुरानो राहदानी नं.:- 06187121
ठेगाना:- AMARPUR, HILIHANG 2, PANCHTHAR
सम्पर्क:- 9844057736/9845614049

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/१०/१९ मा दर्ता भएको **प्रा. लि. नं. १६२८८०** को **श्री भिमेश्वर तिलचौर कन्स्ट्रक्सन** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

दोस्रो पटक प्रकाशन मितिः२०८२/०४/०६

यस श्री माझी सामुदायिक वन उपभोक्ता समूह, बाँसगढी-३ डिगीया, बर्दियाको वनबाट उत्पादन भई यस समूहको घाटगद्दीमा लट बनाई राखिएको अस्ना, कर्मा, कुसुम, बोटधाइरो र अन्य जातको ३७४२।०१ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठमा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन (२०८२/०४/२६ गते) कार्यालय समयभित्र खरिद गरी २२ औं दिन (२०८२/०४/२७ गते) दिउँसो १२.०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री माझी सामुदायिक वन उपभोक्ता समूह, बाँसगढी न.पा.- ३ डिगीया, बर्दिया**
अध्यक्ष

**हकदावी सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा काठमाण्डौं जिल्ला काठमाडौं महानगरपालीका वडा नं. ३१ मध्य बानेश्वरमा केन्द्रीय कार्यालय रहेको साविकको नाम **राईजिङ हाईड्रोपावर कम्पनी प्रा.लि हालको नाम टेनेक्स हाईड्रो होल्डीङ्ग लिमिटेड (लि. नं. ३८६४५/६२/६३)** रहेको कम्पनीको व्यवस्थापन पक्ष र संचालकहरु परिवर्तन भई सकेकोले आजका मिति सम्म यस कम्पनीमा पुरानो संचालक, शेयरधनी तथा सर्वसाधारणहरुको केही दायित्व लिनु दिनु बाँकी बक्यौता वा कुनै उजुर, वाजुर, दावी केही छ भने यो सूचना प्राकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय बानेश्वरमा वा तल दिएको नम्बरमा सम्पर्क गर्न हुन अनुरोध गरीन्छ । यदी उक्त समयमा सम्पर्क नगरी बसेमा पछी मेरो लिनु दिनु छ भनी दावी गरेमा सो उपर कम्पनीले कुनै जिम्मेवारी नलिई कानून अनुसार भै जाने व्यहोरा जानकारी गराईन्छ ।

**सम्पर्क व्यक्तिः स्वस्तिका श्रेष्ठ, प्रशासकिय अधिकृत**
**सम्पर्क नम्बर :०१५९२४२७९**

**टेनेक्स हाइड्रो होल्डीङ्.लि**
सम्पर्क नं.:०१५९२४२७९
इमेल:tenxnepal@gmail.com

**हार्दिक बधाई तथा शुभकामना**

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. ... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
Mukti Chowk, Ward No- 4, Birtamode, Jhapa, Nepal , Tel: 0977-023-543564, 543714 544010, 542699, Fax: 023-543563, E-mail: info@edb.com.np, Web: www.edb.com.np

२१ औं बर्षमा प्रवेश

सफलतापूर्वक आफ्नो कार्यकालको बिसौं वर्ष पुरा गरी एक्काइसौं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal. Tel: 4228229, Fax: (977-1) 4226349 Email: info@nibl.com.np SWIFT ADDRESS: NIBL NP KT Website: www.nibl.com.np

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
Birtamode Branch
Ph.: 023-535031, 534350

prabhu Bank
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-5719000
SWIFT: PRVUNPKA|www.prabhubank.com
Birtamode Branch, Ph.: 023-590244

नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
Make A Visible Difference
Beema Bhawan, Gyaneshwor Kathmandu, Nepal
Ph: 4530583, 4542263
info@neco.com.np
www.neco.com.np
Birtamode Branch, Ph.:023-530833

WORLDLINK
WorldLink Communications Ltd.
Jawalakhel, Lalitpur
P.O.Box 8207
Kathmandu, Nepal
Fax: +977-1-5529403
Email: info@worldlink.com.np
Branch Office: Birtamode, Ph: 023-534118

UNITED AJOD Insurance Limited
United by Trust
CTC Mall (7th Floor), Sundhara, Kathmandu
Fax: +977 01 5344013
Tel.: 977-01-5343072
Toll Free: 16600186496
Email: info@unitedajodinsurance.com
Birtamode Branch, Ph.: 023-532028, 590060

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

Reliable Life INSURANCE LTD. ...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY
Siddhartha Premier Bhawan, Babarmahal
Ph.: 977-01-5705766
Email.: siddharthapremier@spil.com.np
Web.: www.siddharthapremier.com.np
Birtamode Branch,Ph: 023-535864

InfoDevelopers Pvt. Ltd
Sanepa-2, Lalitpur, Nepal
P.O. Box: 5552,
Phone: 977-1-5970061, 977-1-5970062
Website: www.infodev.com.np
Email: info@infodev.com.np
FINSYS INFINITY EMPOWER WEALTH iOFFICE

The A.C. Bazar & Interior
Birtamode-2, Charpane Chowk
Mob.: 9852689872

विश्वको कुनै पनि ठाउँबाट नेपालमा पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800 www.nepalremit.com

**ठाउँसारी गरिएको ३५ दिने सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०६

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् कार्यालयको विभिन्न मितिको निर्णयानुसार प्रा.डिप्लोमा तहको VJTA, PJTA, Basic Survey/Electrical Suboverseer र छोटो अवधिका क्रमशः Poultry Farm Worker–390 hrs, Goat Keeper–390 hrs, Nursery & Garden Assistant–390 hrs, Off Season Vegetable Producer–390 hrs, Mushroom Producer–390 hrs, Early Childhood Montessori Facilitator–390 hrs/Assistant Beautician–390 hrs का तालिम कार्यक्रमको सम्बन्धन/स्वीकृत लिएको संस्था श्री यति टेक्निकल एजुकेशन एण्ड मल्ट्रीपल कलेज गोरखा न.पा.-१० लक्ष्मीबजार, गोरखाले उल्लेखति तालिम कार्यक्रमहरु नामसारी (स्वामत्वि हस्तान्तरण) र ठाउँसारी गरी हरिवन न.पा. वडा नं. ११, सर्लाहीमा कार्यक्रम सञ्चालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिकि शिक्षा तथा व्यावसयिक तालिम परिषदको मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७९ बमोजिम गठित कार्य टोली बैठकको मिति २०८२/०३/३० गतेको निर्णयानुसार (नामसारी सवामत्वि हस्तान्तरण) एवम् ठाउँसारी सहमति/स्वीकृती प्रकृया अगाडी बढाउने निर्णय भएकोले उल्लेखति संस्था र सम्बन्धन/स्वीकृत तालीम कार्यक्रम प्रती कोही कसैको हकदाबी बिरोध गुनासो आदी भए सो सूचना अन्तिम पटक पत्रिकामा प्रकाशति भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भई आए अनुसार नामसारी (स्वामित्व हस्तान्तरण), ठाउँसारी गरी कार्यक्रम सञ्चालन प्रकृया हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धति सबैमा जानकारी गराइन्छ ।

**सम्पर्कको लागि : प्राविधिक शिक्षा तथा व्यावसायकि तालीम परषिद्, सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०४०८**

**साउदीमा रोजगार**
कम्पनी: ESTABLISHMENT EBTEKAR AL-AHDIYA ALMUSTAGBALIA FOR MEALS — शहर: ALKHUBAR CITY
पूर्व स्वीकृत मिति: २०८२/०४/०५ — चलानी नं.: ६०२४१२३८ — LT. No.: 327427

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
